वर्ष २ अंक १
भाद्र २०६७, September 2010

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य

सदस्य महानुभावहरु,



सर्वप्रथम गत वर्ष उपाध्यक्ष र यस वर्ष अध्यक्षमा निर्विरोध निर्वाचित गराउनु भएकोमा सम्पूर्ण पार्षदज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। मेरो अध्यक्षको कार्यकाल सफल बनाउन पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु। संस्थाको १० औं अध्यक्षको रुपमा उभिन पाउँदा साह्रै गौरवान्वित महसुस गर्नुका साथै ठूलो जिम्मेवारी बोध गरेको छु। मेरो यस गहन जिम्मेवारी पूरा गर्न मेरा पूर्व अध्यक्षज्यूहरु, पार्षदज्यूहरु, कर्मचारीहरु एवं संस्थाका सम्पूर्ण सदस्यज्यूहरुबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास लिंदै निम्न कार्यक्रमहरु संचालन गर्ने योजना तयार पारेको छु।

### संस्थागत विकासतर्फ

- भवन निर्माणलाई प्राथमिकता दिई यसै परिषद्को कार्यकालमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
- संस्थामा कार्यरत कर्मचारीहरुको सीप एवं दक्षता वृद्धि गर्न विभिन्न तालिमहरुको व्यवस्था मिलाइने छ। साथै संस्थाको नीतिगत निर्णय लागू गर्न कर्मचारीको भूमिकालाई ध्यानमा राखी विभिन्न अन्तर्क्रिया कार्यक्रमहरु समेत आयोजना गरिनेछ।
- कर्मचारीलाई निश्चित काम निश्चित समयमा सम्पन्न गर्न आवश्यक पूर्वाधार एवं काम गर्ने वातावरण सुनिश्चित गरिनेछ।
- संस्थागत विकासको लागि पूर्व अध्यक्षहरुको अनुभव र दक्षताको सदुपयोग गर्न एक सल्लाहकार समितिको व्यवस्था गरिएको छ।

### सदस्य सेवा तथा व्यावसायिक विकासतर्फ

- सि.पि.ई. (Continuing Professional Education) कार्यक्रम थप व्यवस्थित गर्न पहल गरिनेछ। सि.पि.ई. का लागि संस्थाबाट विषयवस्तुहरु यथेष्ट रुपमा निर्धारण गरी समसामयिक विषयवस्तुमा तालिम संचालन हुने व्यवस्था मिलाइने छ। साथै सि.पि.ई. कार्यक्रम आउटसोर्स गर्ने परिपाटीलाई थप व्यवस्थित गरी निरन्तरता दिइने छ।
- विभिन्न संगठित संस्थाहरुले आन्तरिक एवं बाह्य रुपमा संचालन गर्ने तालिमहरुलाई पनि गुणस्तर र विषयवस्तुहरुको आधारमा संस्थाको मापदण्ड अनुरुपको सि.पि.ई. प्रदान गर्ने व्यवस्था मिलाइने छ। यसका लागि तालिम संचालन गर्ने संस्थाले पूर्व-स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ।
- देशभरि छरिएर रहेका करीब आठ हजार सदस्यहरुको क्षमता वृद्धि गर्न विभिन्न प्रकारका क्षमता अभिवृद्धि कार्यक्रम (Capacity Enhancement Programmes) संचालन गरिनेछ। यसका लागि खास गरी 'ग' र 'घ' वर्गका दर्तावाला लेखापरीक्षकलाई केन्द्रमा राखी यस वर्ष संचालन गरिएका तालिमलाई निरन्तरता दिंदै तालिमको विषयवस्तुमा समयसापेक्ष परिमार्जन गर्दै व्यावहारिक (Practical) तालिम पनि समावेश गरी समयावधि पनि वृद्धि गरिनेछ।
- काठमाडौंबाहिर रहेका सदस्यहरुलाई ध्यानमा राखी काठमाडौंबाहिर कम्तीमा तीन ठाउँमा समसामयिक एवं व्यावहारिक समस्याका विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाइने छ।
- संस्थाका शाखा कार्यालयहरु रहेका स्थानमा स्थानीय स्रोतसाधनको यथाशक्य प्रयोग गर्ने गरी सदस्यहरुको मागअनुसारको विषयवस्तुमा छोटो तालिम एवं अन्तर्क्रिया कार्यक्रमहरु संचालन गरिनेछ।
- सदस्यहरुलाई समयमा सेवा प्रदान गर्दै विभिन्न कार्यक्रमलाई क्षेत्रीय रुपमा संचालन गर्न क्षेत्रगत अवधारणाअन्तर्गत रही शाखा विस्तार गर्न अध्ययन थालिनेछ। यसका लागि संस्थाका स्थानीय सदस्यहरु, चार्टर्ड एकाउन्टेन्सी शिक्षाका लागि विद्यार्थीहरुको उपलब्धता आदिलाई आधार बनाइने छ।
- संस्थाका सदस्यहरुका लागि भारतीय चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAI) को प्राविधिक सहयोग (Technical Assistance) लिई IFRS Certification Course एवं Information System Audit (ISA) Course संचालन गरिनेछ।
- सदस्यहरुलाई समयमा सदस्यता एवं पेशागत प्रमाणपत्रको नवीकरण गर्न सघाउ पुग्ने गरी संस्थाको शाखा नभएको स्थानमा समेत छोटो समयावधि सूचित गरी संस्थाका कर्मचारी खटाउने व्यवस्था समेत मिलाइने छ।
- दर्तावाला लेखापरीक्षक सदस्यहरुको लेखापरीक्षण सीमा वृद्धिसम्बन्धी नियम संशोधन र कार्यान्वयनलाई विशेष प्राथमिकताका साथ समाधान गर्न पहल गरिनेछ। साथै एक व्यक्ति-एक पेशाको अवधारणा पनि यथाशीघ्र लागू गरिनेछ। यस सम्बन्धमा नेपाल अडिटर्स एसोसिएशन (अडान) संग भएका सहमति एवं सम्झौताहरु तत्काल कार्यान्वयन गरी दर्तावाला लेखापरीक्षकहरुको क्षमतामा वृद्धि, संस्थाप्रतिको भूमिका र अपनत्व बढाइने छ।

पृष्ठ २ मा क्रमशः ......

## शपथ ग्रहण समारोह सम्पन्न

कार्यवाहक महालेखापरीक्षक श्री खेम प्रसाद दाहालले संस्थाको पाँचौं परिषद्को दोस्रो कार्यकाल आ.व. २०६७/६८ का लागि नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई २०६७ श्रावण ७ गतेका दिन एक समारोहका बीच पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो। पाँचौ परिषद्को पहिलो कार्यकालमा उपाध्यक्षका रुपमा भूमिका निर्वाह गर्नुभएका श्री सुनिर कुमार ढुंगेल अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ भने यसअघि दोस्रो परिषद्मा पनि पार्षदको रुपमा निर्वाचित भइसक्नुभएका श्री सुदर्शन राज पाण्डे उपाध्यक्ष पदमा निर्वाचित हुनुभएको छ।




कार्यवाहक महालेखापरीक्षक श्री खेमप्रसाद दाहाल नवनिर्वाचित अध्यक्ष श्री सुनिर कुमार ढुंगेललाई शपथ ग्रहण गराउनु हुँदै

उक्त अवसरमा प्रमुख अतिथि श्री दाहालले नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिंदै वहाँहरुको कार्यकालको सफलताको लागि शुभकामना दिंदै महालेखापरीक्षकको कार्यालय र संस्था बीचको सम्बन्ध अझ सुमधुर हुने विश्वास व्यक्त गर्नुभयो। त्यस्तै संस्थाका प्रथम अध्यक्ष एवं साफाका अध्यक्ष श्री कोमल बहादुर चित्रकार तथा संस्थाका निवर्तमान अध्यक्ष श्री सुवोध कुमार कर्णले आफ्नो कार्यकालमा भएका विभिन्न गतिविधिहरुको बारेमा जानकारी दिंदै आफूले शुरु गरेका कार्यक्रमहरुलाई निरन्तरता दिन अनुरोध गर्दै नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्नुभएको थियो।

नवनिर्वाचित अध्यक्षले उक्त अवसरमा आफ्नो कार्यकालमा सम्पन्न गर्ने कार्यक्रमहरुका बारेमा जानकारी दिंदै सोका लागि सम्बन्धित सबैबाट सहयोगको अपेक्षा गरेको कुरा व्यक्त गर्नुभयो। नवनिर्वाचित उपाध्यक्ष श्री पाण्डेले समारोहको अन्त्यमा धन्यवाद मन्तव्य व्यक्त गर्दै नवनिर्वाचित अध्यक्षले उठाउनु भएका कुराहरुको कार्यान्वयनको लागि आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

**व्यावसायिक आचरणका आधारभूत सिद्धान्तहरु**

- स्वतन्त्रता
- गोपनीयता
- व्यावसायिक व्यवहार
- वस्तुनिष्ठता
- व्यावसायिक क्षमता र उचित सतर्कता
- प्राविधिक मानहरु
- कर्तव्यनिष्ठता

- लेखापरीक्षण गर्ने अधिकतम संख्याको सीमा तथा न्यूनतम लेखापरीक्षण पारिश्रमिकसम्बन्धी व्यवस्था लागू भएको प्रथम वर्ष भएकोले यस वर्षको उत्तरार्धमा यसको व्यावहारिक पक्षको मूल्यांकन गरिनेछ ।
- समकक्षी पुनरावलोकन बोर्ड (Peer Review Board) लाई गुणस्तर आश्वस्तता बोर्ड (Quality Assurance Board) को रुपमा विकास गर्न बोर्डलाई प्रभावकारी बनाउन पहल गरिनेछ । बोर्डबाट नियमित रुपमा तालिमको व्यवस्था एवं लेखा व्यवसायीहरुको लेखापरीक्षणको गुणस्तरको पुनरावलोकन कार्य यथाशीघ्र अनिवार्य रुपमा शुरु गरिनेछ ।

## चार्टर्ड एकाउन्टेन्सी शिक्षातर्फ

- शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा समिति एवं शिक्षा विभागलाई थप क्रियाशील गराइने छ । यसका लगि नियमित कार्य गर्न शिक्षा विभागलाई स्वायत्तता प्रदान गर्ने सोच राखिएको छ । शिक्षा समितिलाई नीतिगत निर्णय गर्न परिषद्लाई सघाउ पुग्ने कार्य गर्न जिम्मा दिईने छ ।
- शिक्षा विभागलाई थप सक्षम, सबल एवं सुदढ बनाउन आवश्यक जनशक्ति व्यवस्था गर्ने, आवश्यक तालिम तथा अध्ययन भ्रमणको व्यवस्था गर्ने तथा आवश्यकताअनुसार अन्य लेखाव्यवसायी संस्थाहरु (Professional Bodies) बाट प्राविधिक सहयोग (Technical Assistance) प्राप्त गर्ने योजना रहेको ५ ।
- संस्थाका विभिन्न तहहरुका पाठ्यक्रम (syllabus) नियमित रुपमा पुनरावलोकन (review) गरिने र यसका लागि IFAC को अन्तर्राष्ट्रिय शिक्षा मान बार्ड (International Education Standards Board) द्वारा जारी अन्तर्राष्ट्रिय शिक्षा मान (International Education Standards, IESs) एवं अन्य संस्थाहरुका पाठ्यक्रमलाई आधार मानिनेछ ।
- चार्टर्ड एकाउन्टेन्सी शिक्षाको पहिलो तह (Entry Level) को अवधि, पाठ्यक्रम एवं परीक्षाको ढाँचालाई छरितो बनाउन आवश्यक कदम चालिनेछ ।
- सि.ए. शिक्षाका विभिन्न तहका अध्ययन सामग्री (Study Material) को सम्बन्धमा यस वर्षको प्रगतिलाई निरन्तरता दिंदै यस वर्षमा सम्पन्न लक्ष्य लिइनेछ ।
- नियमित रुपमा परिमार्जन गर्नुपर्ने विषयहरु Direct Taxes, Indirect Taxes र Laws लाई नियमित रुपमा सामयिक परिमार्जन गरिनेछ ।
- विद्यार्थीहरुको शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि Revision Test Papers एवं Suggested Answers समयमै नियमित रुप प्रकाशित गर्ने व्यवस्था मिलाइने छ ।
- प्रत्येक तहका विद्यार्थीहरुलाई तयारी कक्षा (Crash Course) नियमित रुपमा संचालन गर्ने र यस्ता कक्षा परीक्षा शुरु हुनु एक महिनाअघि सम्पन्न गरिने व्यवस्था मिलाइने छ ।
- गरीब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था मिलाइने छ । यसको लागि सहयोग गरिरहनुभएका संस्थाका सदस्य महानुभावहरु एवं संगठनहरु (Corporate Organisations) लाई सहयोगको निरन्तरता दिन अनुरोध गर्दै अतिरिक्त विभिन्न कम्पनीहरु एवं व्यापारिक संगठनहरुलाई सहयोगको लागि अनुरोध गरिने छ ।
- नयाँ भर्ना भएका विद्यार्थीहरुलाई सूचना प्रविधिको व्यावहारिक तालिम (IT Practical Training) लागू भइसकेको अवस्थामा ICAI को प्राविधिक सहयोग प्रापत गरी तालिम शिक्षा (Training Course) को गुणस्तरमा वृद्धि गरिने छ ।
- यस वर्ष संस्थाले विभिन्न कोचिङ सेन्टरहरुलाई सम्बन्धन प्रदान गरिसकेको अवस्थामा ती सेन्टरहरुले संस्थाले तोकेको मापदण्ड पूरा गरे-नगरेको एवं गुणस्तरीय शिक्षा प्रदान गरे नगरेको सम्बन्धमा निरन्तर अनुगमन गरिने छ । साथै संस्थाले तोकेको मापदण्ड पूरा गरी आवेदन गरेमा थप सेन्टरहरुलाई सम्बन्धन प्रदान गरिने छ ।
- General Management & Communication Skills (GMCS) तालिमको सम्बन्धमा ICAI बाट प्राविधिक सहयोग प्राप्त गरी मोड्यालिटी तय गरिने छ ।
- संस्थाको पुस्तकालयमा पर्याप्त अध्ययन सामग्री (Resource Material) को व्यवस्था गरिने छ ।

## सि.ए. परीक्षातर्फ

- विभिन्न तहका विभिन्न विषयहरुको प्रश्नपत्र बनाउने, उत्तरपुस्तिका परीक्षण गर्ने एवं परीक्षासंग सम्बन्धित कार्य गर्न शैक्षिक योग्यता एवं परीक्षासम्बन्धी कार्यको अनुभवको आधारमा विषयअनुसार छुट्टाछुट्टै सूची (Roster) तयार गर्ने व्यवस्था सुदृढ गरिने छ । यसरी सूची तयार गर्दा शिक्षा विभागबाट संचालन गरिने हल टेष्ट एवं पोष्टल टेष्टमा अनुभवप्राप्त स्रोत व्यक्तिहरु पनि क्रमश: समावेश गरिने व्यवस्था मिलाइने छ ।
- प्रश्नपत्र एवं Suggested Answers को गुणस्तर वृद्धि गर्न परीक्षा समितिमार्फत् स्रोत व्यक्तिहरुसंग नियमित अन्तर्क्रिया गरी कमी-कमजोरी सुधार गर्दै संस्थाको मापदण्ड कायम राख्न आवश्यक कार्यनीति तर्जुमा गरिने छ ।
- विद्यार्थीहरुको परीक्षाको नतीजा (Examination Performance) लाई सुधार गर्नका निमित्त स्रोत व्यक्तिहरुले औंल्याएका कमी-कमजोरी जानकारी गराई आवश्यक सुधारको मौका दिन कम्तीमा वर्षको दुई पटक अन्तर्क्रिया कार्यक्रम संचालन गरिने छ५ ।
- परीक्षा विभागको क्षमता वृद्धि गर्न आवश्यक पूर्वाधार एवं तालिमको व्यवस्था मिलाइने छ ।

## अन्तर्राष्ट्रिय लेखामानको कार्यान्वयनतर्फ

- नेपालले सन् २०१२ देखि क्रमश: IFRS लागू गर्नुपर्ने सम्बन्धमा लेखामान बोर्डबाट विस्तृत कार्ययोजना तयार भई परिषद्बाट पारित भइसकेको अवस्थामा लेखामान बोर्ड र संस्था दुबैले हातेमालो गरी लक्ष्य प्राप्तिका लागि अघि बढ्ने व्यवस्था गरिने छ । यसका लागि विभिन्न तालिमहरु समेत संचालन गरिने छ ।
- IFRS तालिम संचालन गर्दा विभिन्न संघसंस्थाहरुमा कार्यरत लेखाव्यवसायीहरु एवं लेखापरीक्षण तथा परामर्श सेवामा सेवारत लेखाव्यवसायीहरलाई छुट्टाछुट्टै तालिमको व्यवस्था गरिने छ । साथै यस प्रकारका तालिमहरु सम्भव भएसम्म क्षेत्रीय स्तरमा पनि संचालन गरिने छ ।
- IFRS को समयमै कार्यान्वयनको लागि चेतनामूलक कार्यक्रम (Awareness Programme) को रुपमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल बैंकर्स संघ, नेपाल विकास बैंक संघ, वित्त कम्पनी संघ आदिसंग पनि अन्तर्क्रिया कार्यक्रम आयोजना गरिने छ ।
- IFRS कार्यान्वयन कार्ययोजना लागू गर्न लेखामान बोर्डलाई पूर्ण सहयोग गरिने छ ।

## सदस्यहरुको आचरणसम्बन्धमा

- संस्थाका सदस्यहरुले संस्थाको ऐन, नियम एवं आचार संहिताअनुरुप कार्य गरे-नगरेको एक अनुगमन एकाईको व्यवस्था गरिने छ ।
- संस्थामा विभिन्न सदस्यहरुविरुद्ध प्राप्त उजुरीहरुको संस्थाको सचिवालयबाट प्रारम्भिक छानबिन गरी समयमा टुंगो लगाउने व्यवस्था थप सुदृढ गरिने छ ।
- विभिन्न नियमनकारी निकायहरुबाट आएका उजुरीहरुलाई प्राथमिकताका साथ समयमा छानबिन गरी टुंगो लगाउने व्यवस्था मिलाइने छ । यसको लागि यथेष्ट प्रमाणहरु उपलब्ध नगराइएको अवस्थामा संस्थाबाटै ती नियमनकारी निकायहरुसंग पत्राचार एवं छलफल गरी आवश्यक सहयोगको लागि अनुरोध गरिने छ ।

## विभिन्न नियमनकारी निकाय एवं अन्य निकायहरुसंगको सम्बन्धतर्फ

- संस्था लेखाव्यवसायको नियमन गर्ने निकाय भएको र यसका लागि विभिन्न नियमनकारी एवं अन्य संघसंस्थाहरुको सहयोग आवश्यक भएको हुँदा ती संस्थाहरुसंग सुमधुर सम्बन्ध कायम गर्न पहल गरिने छ ।
- सामयिक/आवधिक रुपमा नेपाल राष्ट्र बैंक, महालेखापरीक्षकको कार्यालय, बीमा समिति, धितोपत्र बोर्ड, आन्तरिक राजस्व विभाग, सहकारी विभाग, लेखा तथा लेखापरीक्षणमान बोर्ड आदिसंग अन्तर्क्रिया तथा संयुक्त कार्यक्रम आदिको वातावरण तयार गर्नेतर्फ पहल गरिने छ ।
- संस्थाले अघि सारेको शाखा लेखापरीक्षण (Branch Audit) को धारणालाई मूर्त रुप दिन नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल धितोपत्र बोर्डजस्ता नियमनकारी निकायको सहकार्यको लागि पहल गरिने छ ।
- नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल बैंकर्स संघ, विकास बैंक संघ, वित्त कम्पनी संघ आदिसंग पनि सहकार्यको अवसर सिर्जना गर्न पहल गरिने छ ।

## अन्तर्राष्ट्रिय सम्बन्धतर्फ

- संस्थाको अन्तर्राष्ट्रिय छवि अभिवृद्धि गर्न IFAC, CAPA, SAFA लगायत अन्तर्राष्ट्रिय लेखाव्यवसायी निकायहरुसंग समन्वय गरी अन्तर्राष्ट्रिय क्रियाकलापमा भाग लिइने छ ।
- पारस्परिक मान्यता सम्झौता (Mutual Recognition Agreement) को लागि नियमित रुपमा पहल गरिने छ ।

अन्त्यमा माथि उल्लेखित कार्यहरुका सम्बन्धमा परिषद्मा विस्तृत छलफल गरी सोही अनुरुप संस्थाको काम-कारबाही अगाडि बढाइने विश्वास दिलाउन चाहन्छु । यसका लागि म मेरा पूर्वअध्यक्षज्यूहरुको सदैव सहयोगको लागि पनि अपेक्षा राख्दछु ।

मेरो कार्यकाल सफल बनाउन संस्थाको हितअनुरुप परिषद्, विभिन्न समितिहरु, पूर्वअध्यक्षज्यूहरु, कार्यकारी निर्देशकलगायत सम्पूर्ण कर्मचारीहरु, संस्थासंग सम्बन्धित लेखामान बोर्ड, लेखापरीक्षणमान बोर्ड, संस्थाका सदस्यहरुको पूर्ण सहयोग हुने अपेक्षा लिएको छु ।

धन्यवाद !

Siwngel

सुनिर कुमार ढुंगेल
अध्यक्ष

# उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारको घोषणा

२०६७ श्रावण ७ गतेका दिन आयोजित एक समारोहमा कार्यवाहक महालेखापरीक्षक श्री खेम प्रसाद दाहालले विभिन्न ७ विधामा उत्कृष्ट राष्ट्रिय वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्नुभयो ।




बुटवल पावर कम्पनी लिमिटेडका प्रतिनिधिलाई Manufacturing Sector विधाको विजेताको पुरस्कार प्रदान गर्दै

पुरस्कार प्राप्त गर्ने संस्थाहरु निम्नानुसार रहेका छन् :

| | |
|---|---|
| विधा | : Banking Sector Subject To Prudential Supervision |
| विजेता | : नबिल बैंक लिमिटेड |
| दोस्रो स्थान | : ग्लोबल बैंक लिमिटेड |
| तेस्रो स्थान | : एभरेष्ट बैंक लिमिटेड |
| विधा | : Non-Banking Financial Sector Not Subject To Prudential Supervision |
| उपविधा | : वित्तीय संस्था |
| विजेता | : अन्नपूर्ण फाइनान्स कम्पनी लिमिटेड |
| दोस्रो स्थान | : एस डेभलेपमेन्ट बैंक लिमिटेड |
| तेस्रो स्थान | : युनाइटेड फाइनान्स लिमिटेड |
| उपविधा | : बीमा कम्पनी |
| विजेता | : एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड |
| दोस्रो स्थान | : प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. |
| तेस्रो स्थान | : नेपाल इन्स्योरेन्स कं.लि. |
| विधा | : Manufacturing Sector |
| विजेता | : बुटवल पावर कम्पनी लिमिटेड |
| दोस्रो स्थान | : युनिलिभर नेपाल लिमिटेड |
| विधा | : Hospitality, Health, Transportation and Shipping Sector |
| विजेता | : ओरिएन्टल होटल्स लिमिटेड |
| विधा | : Public Sector Entities |
| विजेता | : कर्जा सूचना केन्द्र लिमिटेड |

यसरी राष्ट्रिय रुपमा पुरस्कृत वित्तीय प्रतिवेदनहरु दक्षिण एसियाली लेखाव्यवसायी महासंघ (South Asian Federation of Accountants, SAFA) मा नेपालको तर्फबाट प्रतिस्पर्धाको लागि पठाउने गरिन्छ ।

# आई.एफ.आर.एस. सम्बन्धी कन्फरेन्स सम्पन्न

शपथ ग्रहण समारोहको अवसरमा २०६७ श्रावण ७ गतेका दिन भारतीय चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAI) संगको संयुक्त आयोजनामा "Way Forward to IFRS" नामक एकदिने कन्फरेन्सको आयोजना गरियो । उक्त कन्फरेन्सको शुभारम्भ गर्दै तत्कालीन अध्यक्ष श्री सुवोध कुमार कर्णले यस कार्यक्रमको आयोजनाले नेपालमा आई.एफ.आर.एस. लागू गर्ने कुरामा तथा यसको बारेमा सबैलाई सचेत गराउने विश्वास व्यक्त गर्नुभयो ।

जम्मा चार सत्रहरुमा विभाजित उक्त कन्फरेन्सको पहिलो सत्रको अध्यक्षता साफाका अध्यक्ष श्री कोमल बहादुर चित्रकारले गर्नुभएको थियो भने भारतको लेखामान बोर्डका सदस्य श्री संजीव सिंघलले आई.एफ.आर.एस.को परिदृश्य (overview), आई.एफ.आर.एस. लागू गर्ने मार्गचित्र र त्यसकममा आइपर्ने चुनौतीहरुका बारेमा प्रकाश पार्नुभयो । त्यस्तै संस्थाका पूर्व अध्यक्ष श्री प्रभुराम भण्डारीको अध्यक्षतामा सम्पन्न दोस्रो सत्रमा ICAI का सदस्य श्री यग्नेश देसाईले IAS 1 का बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपाल लेखामानबाट आई.एफ.आर.एस.मा परिवर्तन




कन्फरेन्समा सत्रको अध्यक्षता गर्नहुँदै साफाका अध्यक्ष श्री कोमल बहादुर चित्रकार (बायाँबाट पहिलो)

(transition) को बारेमा संस्थाका पूर्व अध्यक्ष तथा लेखामान बोर्डका अध्यक्ष श्री प्रदीप कुमार श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको तेस्रो सत्रको अध्यक्षता संस्थाका पूर्व अध्यक्ष श्री तीर्थराज उपाध्यायले गर्नुभएको थियो । अन्तिम सत्रमा भारतको लेखामान बोर्डका सदस्य श्री संजीव सिंघलले IFRS 1 को बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने संस्थाका पूर्व अध्यक्ष श्री कौशलेन्द्र कुमार सिंहले उक्त सत्रको अध्यक्षता गर्नुभएको थियो । संस्थाका सदस्यहरु तथा विभिन्न संघ संस्थाबाट समेत जम्मा १७१ जना उक्त कन्फरेन्समा सहभागी भएका थिए ।

# उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारसम्बन्धी अन्तर्क्रिया सम्पन्न

२०६७ भाद्र ३० गते होटेल अन्नपूर्णमा दक्षिण एसियाली लेखाव्यवसायी महासंघ (SAFA) को मापदण्डअनुरुप प्रदान गरिने वार्षिक राष्ट्रिय उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारसम्बन्धी एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । संस्थाका अध्यक्ष श्री सुनिर कुमार ढुंगेलको स्वागत मन्तव्यबाट शुरु भएको उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष श्री सुदर्शन राज पाण्डेले उक्त पुरस्कारको मूल्यांकन गर्न साफाले तयार गरेको मापदण्ड, मुख्यतया एक उत्कृष्ट वित्तीय प्रतिवेदनमा हुनुपर्ने विभिन्न तत्वहरु व्यवस्थापकीय विश्लेषण, लेखानीति तथा सामान्य खुलासा, संस्थागत सुशासनसम्बन्धी विवरण, सरोकारवालाहरुसम्बन्धी जानकारी आदिका बारेमा सटिक ढंगबाट प्रस्तुत गर्नु भएको थियो । विभिन्न क्षेत्रका गरी करीब ४५ जनाको सहभागिता रहेको उक्त




उपाध्यक्ष श्री सुदर्शन राज पाण्डे BPA को मापदण्डसम्बन्धी प्रस्तुति दिनुहुँदै

कार्यक्रममा वित्तीय प्रतिवेदन तयारीको समयमा आयोजित कार्यक्रमलाई समसामयिक भन्दै सबै सहभागीहरुले प्रतिवेदन तयारीको कममा देखिएका समस्या र चुनौतीहरु र तिनलाई समाधान गर्नुपर्ने प्रयासका सम्बन्धमा समेत खुलेर छलफल गरेका थिए ।

## सदस्यसम्बन्धी समाचार

### स्थानीय निकायको लेखापरीक्षणको लागि सूचीकरण गर्ने व्यवस्था अन्त्य

संस्थाका पदाधिकारीहरुको प्रतिनिधिमण्डलले स्थानीय विकास मन्त्रालयका पदाधिकारीहरुसंग गरेको बारम्बारको छलफल र अन्तर्क्रियाको परिणामस्वरुप २०६७ आश्विन १३ गते स्थानीय विकास मन्त्रालयको सचिवस्तरीय निर्णयले स्थानीय निकायको लेखापरीक्षण प्रयोजनका लागि सूचीकरण व्यवस्थाको अन्त्य गरेको छ। सोको सट्टा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सबै जिल्ला विकास समितिहरुलाई पेशागत प्रमाणपत्रको नवीकरण अद्यावधिक भएका आफ्ना सबै सदस्यहरुको सूची उपलब्ध गराउने र सोही सूचीलाई आधार मानी स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार लेखापरीक्षकको नियुक्ति हुने सो निर्णयमा उल्लेख गरिएको छ।


### सहकारी संस्थाहरूको लेखापरीक्षणका लागि सूचीकरण गर्नुपर्ने व्यवस्था खारेज

सहकारी विभागले एक सार्वजनिक सूचना प्रकाशित गरी सहकारी संस्थाहरुको लेखापरीक्षण गर्ने प्रयोजनका लागि वार्षिक रुपमा लेखापरीक्षकहरुले सूचीकरण गराउनुपर्ने व्यवस्था खारेज गरिएको जनाएको छ। उक्त सूचनामा सबै सहकारी संस्थाहरुलाई सहकारी ऐन, २०४८ को दफा ३७ बमोजिम सम्बन्धित डिभिजन सहकारी कार्यालयबाट स्वीकृति लिएर लेखापरीक्षण गराउन निर्देशन जारी गरिएको छ। संस्थाले सूचीकरण व्यवस्थाको खारेजीको लागि पहल गर्दै आएको छ।

### विद्यालयहरूको लेखापरीक्षणको लागि सूचीकरण व्यवस्था खारेज गर्ने संस्थाको पहल

संस्थाका पदाधिकारीहरुको एक प्रतिनिधिमण्डलले २०६७ भदौ ३ गते शिक्षा मन्त्रालयका पदाधिकारीहरुसंग भेट गरी विद्यालयहरुको लेखापरीक्षण गर्ने प्रयोजनका लागि कायम रहेको सूचीकरणको व्यवस्था खारेज गर्ने सम्बन्धमा छलफल गरेको छ। उक्त अवसरमा शिक्षा मन्त्रालयका पदाधिकारीहरुले शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली, २०५९ मा विद्यालयहरुको लेखापरीक्षणको लागि लेखापरीक्षकहरुको सूचीकरण गर्नुपर्ने व्यवस्था खारेज/संशोधन गर्ने प्रतिबद्धता जाहेर गर्दै सो संशोधन नहुन्जेल संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गरी नवीकरण अद्यावधिक भएका लेखापरीक्षकहरुको सूची लिई लेखापरीक्षण गराउने बारेमा छलफल भएको थियो।

### नयाँ प्रकाशन




संस्थाले आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धिका लागि "सहकारी संस्था तथा संघहरुको लेखापरीक्षण निर्देशिका" नामक नयाँ पुस्तिका प्रकाशित गरेको छ। परिचय, आर्थिक प्रशासन तथा लेखापालन, आन्तरिक नियन्त्रण प्रणाली तथा लेखापरीक्षण जोखिम निर्धारण, लेखापरीक्षण एवं लेखापरीक्षण प्रतिवेदन गरी पाँच खण्डमा विभाजित उक्त निर्देशिकामा सहकारी संस्था तथा संघको लेखापरीक्षण गर्दा लेखापरीक्षकहरुलाई सहकारी विभागबाट जारी भएका विशेष निर्देशनहरु तथा नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोबारका लागि स्वीकृति पाएका बचत तथा ऋण सहकारी संस्थासम्बन्धी विशेष व्यवस्थाहरु पनि समावेश गरिएका छन्। सहकारी संस्थाले तयार गर्नुपर्ने वित्तीय विवरणहरु र लेखापरीक्षकको प्रतिवेदनका नमूनाहरु उक्त पुस्तिकाका अनुसूचीहरुमा राखिएका छन्।

### सदस्यहरुको नवीकरण अवस्था

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम आर्थिक वर्ष शुरु भएको मितिले ६० दिनभित्र सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी फर्म नवीकरण गराउनुहुने सदस्य महानुभावहरुको संख्या देहायबमोजिम रहेको छः

| सदस्यतातर्फ | | |
|---|---|---|
| श्रेणी | कुल संख्या | भाद्र २९ सम्म नवीकृत संख्या |
| एफ.सि.ए. | २०९ | १४० |
| सि.ए. | २९८ | १९२ |
| आर.ए. ख वर्ग | ३३५८ | १९४७ |
| आर.ए. ग वर्ग | १५८१ | ८६२ |
| आर.ए. घ वर्ग | २३४४ | १३०९ |
| **पेशागत प्रमाणपत्रतर्फ** | | |
| श्रेणी | कुल संख्या | भाद्र २९ सम्म नवीकृत संख्या |
| एफ.सि.ए. | १८६ | ११५ |
| सि.ए. | २८७ | १५५ |
| आर.ए. ख वर्ग | ३०९९ | १५४५ |
| आर.ए. ग वर्ग | १४३९ | ७४८ |
| आर.ए. घ वर्ग | २१४३ | १२०१ |
| **लेखाव्यवसायी फर्मतर्फ** | | |
| श्रेणी | कुल संख्या | भाद्र २९ सम्म नवीकृत संख्या |
| एफ.सि.ए./सि.ए. | ३८७ | २०८ |
| आर.ए. ख वर्ग | ८६३ | ५९१ |
| आर.ए. ग वर्ग | २९६ | १८७ |
| आर.ए. घ वर्ग | १९१ | १२८ |

## लेखामान/लेखापरीक्षणमानसम्बन्धी समाचार

### अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (आई. एफ. आर. एस.) लागू गरिने मितिको सम्बन्धमा परिषद्को निर्णय

परिषद्को १३३ औं बैठकले स्टक एक्सचेन्जमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीहरुको लागि २०६९ श्रावण १ गतेदेखि, अन्य पब्लिक लिमिटेड कम्पनीहरुको लागि २०७० श्रावण १ गतेदेखि र अन्य सबै कम्पनीहरुको लागि २०७१ श्रावण १ गतेदेखि अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (आई.एफ.आर.एस.) लागू गर्ने निर्णय गरेको छ।

### अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (आई. एफ. आर. एस.) सम्बन्धी पाँचदिने तालिम सम्पन्न

अन्तर्राष्ट्रिय लेखाव्यवसायी महासंघको पूर्ण सदस्य हुँदा संस्थाले व्यक्त गरेको प्रतिबद्धताअनुरुप अन्तर्राष्ट्रिय लेखामान/अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान लागू गर्नुपर्ने भएकाले आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धिका लागि २०६७ असार २ देखि ६ गतेसम्म संस्थाको आयोजनामा अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (आई.एफ.आर.एस.) सम्बन्धी पाँचदिने तालिम आयोजना गरिएको थियो। भारतबाट आएका ८ जना स्रोतव्यक्तिहरुले अन्तर्राष्ट्रिय मूल्यांकन मान (International Valuation Standards) सहित अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (आई.एफ.आर.एस.) का विभिन्न पक्षहरुका बारेमा प्रकाश पारेका थिए। संस्थाका चार्टर्ड एकाउन्टेन्ट र रजिष्टर्ड अडिटर सदस्यहरु तथा विभिन्न औद्योगिक तथा व्यापारिक प्रतिष्ठानका गरी जम्मा ६५ जनाको सहभागिता रहेको उक्त तालिम कार्यक्रम अत्यन्त समसामयिक रहेको सहभागीहरुले उल्लेख गरेका थिए।

# पाँचवटा नेपाल लेखापरीक्षणमानहरू अनिवार्य रुपमा लागू हुने

परिषद्को मिति २०६७ श्रावण ४ गते बसेको १३८ औं बैठकले मिति २०६६ श्रावण १ गतेदेखि ऐच्छिक (voluntary) रुपमा लागू गरिएका देहायका लेखापरीक्षणमानहरु विगत एक वर्षको अवधिमा कुनै कैफियत प्राप्त नभएको हुँदा मिति २०६७ माघ १ गते (जनवरी १५, २०११) देखि अनिवार्य (mandatory) रुपमा लागू गर्ने निर्णय गरेको छ ।

| S.N. | NSAs | Name of the Standard |
|---|---|---|
| 1 | NSA 220 | Quality Control for Audits of Historical Financial Information |
| 2 | NSA 315 | Understanding the Entity and Its Environment and Assessing the Risks of Material Misstatement |
| 3 | NSA 330 | The Auditor's Procedures in Response to Assessed Risks |
| 4 | NSA 520 | Analytical Procedures |
| 5 | NSA 701 | Modifications to the Independent Auditor's Report |

## विद्यार्थीसम्बन्धी समाचार

# सि.ए. परीक्षाको परिणाम प्रकाशित

जुन २०१० मा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परिणाम प्रकाशित गरिएको छ । उक्त परीक्षामा CAP-I/फाउण्डेसन र CAP-II/इन्टरमिडियट तहमा क्रमशः ३७३ र ५२ जना परीक्षार्थी उत्तीर्ण भएका छन् भने चार्टर्ड एकाउन्टेन्सी फाइनल तहमा २२ जना उत्तीर्ण भई संस्थाबाट चार्टर्ड एकाउन्टेन्ट सदस्यता प्राप्त गर्न योग्य भएका छन् ।

# छात्रवृत्ति वितरण

संस्थाको शिक्षा विभागद्वारा आ.व. २०६६/६७ का लागि छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरियो । संस्थाका तत्कालीन अध्यक्ष श्री सुवोध कुमार कर्णको सभापतित्वमा संचालन गरिएको उक्त कार्यक्रममा सभापतिको हातबाट संस्थामा अध्ययनरत फाउण्डेशन तहका ९ जना, इन्टरमिडिएट तहका १२ जना र फाइनल तहका २ जना गरी जम्मा २३ जना विद्यार्थीहरुलाई छात्रवृत्तिवापत् चेक हस्तान्तरण गरिएको थियो, जस मध्ये ७ जनाले पूर्ण छात्रवृत्ति र अन्यले आंशिक छात्रवृत्ति प्राप्त गरेका थिए । उक्त कार्यक्रममा श्री कर्णले छात्रवृत्ति विजेताहरुलाई बधाई दिंदै विद्यार्थीको हकहितका लागि संस्थाले ल्याएका आगामी योजनाहरुबारे जानकारी गराउनुभएको थियो । कार्यक्रममा शिक्षा विभागका प्राविधिक निर्देशक श्री परमानन्द अधिकारीले संस्थाको छात्रवृत्ति कोष तथा छात्रवृत्ति वितरण प्रकियाबारे प्रकाश पार्नुभएको थियो ।



तत्कालीन अध्यक्ष श्री सुवोध कुमार कर्ण छात्रवृत्तिवापत् चेक हस्तान्तरण गर्नुहुँदै

# केरियर काउन्सेलिङ्ग कार्यक्रम

चार्टर्ड एकाउन्टेसी शिक्षासम्बन्धी जनचेतना फैलाउने उद्देश्यले ECAN Higher Education & Career Fair अन्तर्गत पोखरा, काठमाडौं तथा चितवनमा संचालन गरिएको Career Fair मा संस्थाले सहभागी भई केरियर काउन्सेलिङ्ग प्रदान गर्‍यो । मिति २०६७ जेठ ६–८, २७–३० र २०६७ असार ३–५ गते गरी तीन चरणमा सम्पन्न गरिएको उक्त कार्यक्रममा विद्यार्थी र अभिभावक गरी १२०० जनाभन्दा बढीको सहभागिता रहेको थियो । चार्टर्ड एकाउन्टेन्सी शिक्षासम्बन्धी विद्यमान् प्रावधानहरु तथा भावी अवसरका बारेमा प्रकाश पार्ने लक्ष्य राखिएको उक्त कार्यक्रमको संयोजन शिक्षा विभागका अधिकृत श्री विष्णुप्रसाद सुवेदीले गर्नुभएको थियो । उक्त कार्यक्रमका सहभागीहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षामा गहिरो रुचि देखाएका थिए भने करीब ३५० जना विद्यार्थीले चार्टर्ड एकाउन्टेसी कोर्समा भर्ना हुने प्रतिबद्धता व्यक्त गरेका थिए ।

यसैगरी संस्थाको शिक्षा विभाग तथा केरियर काउन्सेलिङ्ग कमिटीको संयुक्त पहलमा नेपालगञ्ज, धनगढी, बुटबल, विराटनगर, वीरगञ्ज तथा बनेपामा विभिन्न चरणमा केरियर काउन्सेलिङ्ग कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमहरुमा चार्टर्ड एकाउन्टेसी शिक्षासम्बन्धी गहिरो रुचि राख्ने विद्यार्थी तथा अभिभावकहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# अध्ययन सामग्री प्रकाशन

संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको फाउन्डेशन तहका सम्पूर्ण विषयहरुको अध्ययन सामग्री प्रकाशन गरेको छ । २००९ को डिसेम्बर १ देखि भर्ना भएका विद्यार्थीहरुलाई निःशुल्क वितरण गरिएका उक्त पुस्तकहरु अन्य विद्यार्थी तथा अध्येताहरुका लागि संस्थाको नगद काउन्टरमा बिक्रीको व्यवस्था गरिएको छ । यसैगरी संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको इन्टरमिडिएट तहका सम्पूर्ण विषयहरुको अध्ययन सामग्री प्रकाशन गर्न लागेको र निकट भविष्यमै विद्यार्थीहरुको हात पर्ने संस्थाका शिक्षा विभागका प्राविधिक निर्देशक श्री परमानन्द अधिकारीले जानकारी गराउनुभएको छ ।

## कर्मचारीसम्बन्धी समाचार

१. संस्थामा निम्नलिखित नयाँ कर्मचारीहरु नियुक्त गरिएका छन् :

| | |
|---|---|
| १. श्री चुडामणि आचार्य | वरिष्ठ अधिकृत |
| २. श्री मनोज गिरी | अधिकृत |
| ३. श्री सनोज भट्टराई | सहायक |
| ४. सुश्री कुमारी ज्योत्स्ना | सहायक |
| ५. श्री राम कुमार नेपाल | सहायक |
| ६. श्री अमोद खनाल | सहायक |
| ७. श्री उमेश रेग्मी | सहायक |
| ८. सुश्री स्वेता चित्रकार | सहायक |
| ९. श्री कुमार थापा | सहायक |
| १०. सुश्री कृष्णा कुमारी बि.सी. | सहायक |
| ११. सुश्री समिता डंगोल | कनिष्ठ सहायक |
| १२. श्री प्रयास शाक्य | कनिष्ठ सहायक |
| १३. सुश्री सबिना महर्जन | कनिष्ठ सहायक |
| १४. श्रीमती बिनु थापा | कनिष्ठ सहायक |
| १५. श्री हर्दुलाल चौधरी | कनिष्ठ सहायक |
| १६. सुश्री अनिमा महर्जन | कनिष्ठ सहायक |
| १७. सुश्री अनिता भण्डारी | कनिष्ठ सहायक |
| १८. श्री अनुप महर्जन | कनिष्ठ सहायक |
| १९. श्री शिवहरि नेपाल | कार्यालय सहयोगी |
| २०. श्रीमती सरिता घिमिरे | कार्यालय सहयोगी |
| २१. श्री शिव भट्टराई | कार्यालय सहयोगी |

२. संस्थामा कार्यरत अधिकृत श्री मनोज गिरीले आफ्नो पदबाट राजीनामा दिनु भएको छ । उहाँ विगत ४ बर्ष देखि संस्थामा कार्यरत हुनुहुन्थ्यो ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचना

हालै संस्थाद्वारा गरेका निर्णयहरु तथा सूचीकरण सम्बन्धी भएका सहमति बारे सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. न्यूनतम लेखापरीक्षण पारिश्रमिक सम्बन्धमा**

संस्थाले यसै आ.व. देखि लागु गरेको न्यूनतम लेखापरीक्षण पारिश्रमिक तथा अधिकतम लेखापरीक्षण संख्या सम्बन्धी निर्णयको कार्यान्वयनको शिलशिलामा उठेका समस्याहरुको समाधनका लागि मिति २०६७/०६/१७ मा बसेको परिषद्को १४१ औं बैठकले रु.५(पाँच) लाखभन्दा कम वार्षिक कारोबार हुने सरकारी प्राथमिक विद्यालयहरुको हकमा तथा वार्षिक रु.२(दुई) लाख भन्दा कम कारोबार हुने सानातिना सहकारी संस्था, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्ता समूह, विभिन्न किसिमका समितिहरु, ट्रेड यूनियन तथा पेशागत संघ संगठनहरु तथा अन्य यस्तै संघ संस्थाहरुको हकमा परिषद्ले तय गरेको न्यूनतम लेखापरीक्षण शुल्क लागू नहुने निर्णय गरेको छ। तर विना पारिश्रमिक लेखापरीक्षण गर्न भने पाइने छैन।

**२. अधिकतम लेखापरीक्षण गर्ने सीमा संख्या सम्बन्धमा**

लेखापरीक्षण गर्ने अधिकतम संख्याको सम्बन्धमा पेशागत प्रमाण-पत्र प्राप्त सदस्यले एक आ.व.मा अधिकतम १०० वटा मात्र लेखापरीक्षण गर्न पाउने छ। तर उक्त १०० वटा सीमा मध्ये पब्लिक लिमिटेड कम्पनीको सीमा संख्या १५ वटा भन्दा बढी हुनु हुंदैन। साथै साझेदारी फर्मका प्रत्येक साझेदारले उपरोक्त सीमासम्म मात्र लेखापरीक्षण गर्न पाउने छ।

तर वार्षिक २ (दूई) लाखभन्दा कम कारोबार हुने सानातिना सहकारी संस्था, धार्मिक, सामाजिक संघ संस्था, उपभोक्ता समूह, विभिन्न किसिमका समितिहरु, ट्रेड यूनियन तथा पेशागत संघ संगठनहरु तथा अन्य यस्तै प्रकृतिका संघसंस्थाहरुको लेखापरीक्षण माथि उल्लेखित सीमा गणना गर्ने प्रयोजनको निमित्त सामेल गरिने छैन।

**३. सूचिकरण सम्बन्धमा**

यस संस्थाबाट पेशागत प्रमाण-पत्र प्राप्त सदस्यले आफ्नो सीमा सम्मको लेखापरीक्षण कार्य गर्न विभिन्न निकायमा गरिएको सूचिकरणको व्यवस्था अव्यवहारिक भएको भन्दै संस्थाले त्यसका खारेजीको लागि विगत लामो समय देखि पहल गर्दै आईरहेको अवस्थामा स्थानीय विकास मन्त्रालयले यहि मिति २०६७ आश्विन १३ गतेको सचिव स्तरिय निर्णयबाट सूचीकरण गर्नुपर्ने व्यवस्थाको अन्त्य गरेको छ। अव संस्थाले सबै जिल्ला विकास समितिलाई पेशागत प्रमाणपत्र लिई नविकरण अद्यावधिक भएका सबै सदस्यहरुको सूची उपलब्ध गराउने र सोहि सूचीलाई आधार मानी स्थानीय स्वायत्त शासन ऐन अनुसार लेखापरीक्षको नियुक्ति हुने सो निर्णयमा उल्लेख गरिएको छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचीकरणबारे सदस्यहरुलाई अत्यन्त जरुरी सूचना

यस संस्थाका सदस्यहरुको हकहित सुरक्षा एवं प्रतिष्ठाको संरक्षण तथा सम्बर्द्धन गर्न विभिन्न निकायबाट तयार गरिने लेखापरीक्षकको सूचीबाट नाम फिर्ता लिन र भविष्यमा पनि सूचीकरण नगर्न यस संस्थाबाट विभिन्न मितिमा निर्देशन दिइएको व्यहोरा सर्वविदितै छ। संस्थाले दिएको निर्देशनको पालना गर्नु सम्पूर्ण सदस्यहरुको कर्तव्य हुनेछ।

यसै क्रममा बैंक तथा वित्तीय संस्थाको हकमा नेपाल राष्ट्र बैंकसंग तथा बीमा कम्पनीहरुको लेखापरीक्षणको लागि बीमा समितिसंग विभिन्न मितिमा सहमति भै सो प्रयोजनको लागि संस्थाले सूची तयार गरी पठाउने गरेको छ भने सहकारी संस्थाहरुको लेखापरीक्षणको लागि सूचीकरण गर्नुपर्ने व्यवस्था खारेज भई सकेको छ। यसबाहेक अन्य निकायहरुसंग पनि यस सम्बन्धमा समन्वय गर्ने सिद्धान्तअनुरुप शिक्षा मन्त्रालयमा समेत सम्पर्क गरी लेखापरीक्षकको सूचीकरण प्रक्रिया खारेजीका लागि आवश्यक नियम संशोधन गर्न सुझाव समेत दिई सकेको अवस्था रहेको छ। हालै केही निकायले लेखापरीक्षकहरुको सूचीकरणको लागि सूचना प्रकाशित गरेको जानकारी संस्थामा प्राप्त हुन आएकोले उक्त निकायमा सूचीकरण हुन नजान र सूचीकरण गरेको भए समेत यथाशीघ्र फिर्ता नलिएमा त्यस्ता सदस्यहरुलाई यसै सूचनाद्वारा पुनः सूचित गरिन्छ। यस निर्देशनको अवज्ञा गरी सूचीकरण गराएमा वा फिर्ता नलिएमा त्यस्ता सदस्यहरुउपर आचार संहिताबमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

## संस्थाको वीरगञ्ज शाखा कार्यालयको उद्घाटन

२०६७ जेठ २७ गतेका दिन आयोजित एक समारोहका बीच संस्थाका तत्कालीन अध्यक्ष श्री सुवोध कुमार कर्णले संस्थाको वीरगञ्ज शाखा कार्यालयको समुद्घाटन गर्नुभयो। शाखा सल्लाहकार समितिका संयोजक श्री जगदीश प्रसाद खण्डेलवालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिको रुपमा आफ्नो मन्तव्य व्यक्त गर्दै अध्यक्ष श्री कर्णले स्थानीय उद्योग वाणिज्य संघको पहलमा औद्योगिक नगर वीरगञ्जमा शाखा कार्यालय खोलिनु संस्थाको कार्यक्षेत्र विस्तारमा एउटा कोशेढुङ्गा साबित हुने बताउनुभयो। त्यस अवसरमा श्री अरविन्द कुमार खेतानले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। समारोहमा विशेष अतिथिको रुपमा आमन्त्रित वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष श्री ओमप्रकाश सिकारियाले व्यापारिक समुदाय र लेखा व्यवसायबीचको सम्बन्ध अझ घनिष्ठ हुने विश्वास व्यक्त गर्नुभएको थियो।

अध्यक्ष श्री सुनिर कुमार ढुङ्गेल, पार्षद श्री कृष्ण प्रसाद पौडेल र नेपाल अडिटर्स एसोसिएसन (अडान) का क्षेत्रीय अध्यक्ष श्री राजेन्द्र लाल दास पनि समारोहमा अतिथिको रुपमा आमन्त्रित हुनुहुन्थ्यो। समारोहको समापन श्री खण्डेलवालको धन्यवाद मन्तव्यद्वारा भएको थियो।

शाखा कार्यालय वीरगञ्ज उद्योग वाणिज्य संघको परिसरमा रहेको छ।

प्रापकको नाम र ठेगाना:

टिकट


प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९ फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट : www.ican.org.np
शाखाहरु: विराटनगर, बुटवल, वीरगञ्ज